पारिजात

# अजम्मरी धरोहर



**जन्म : वि. सं. १९९४ वैशाख**
**मृत्यु : वि. सं. २०५० वैशाख ५**

पारिजातको नाममा जसरी कुनै थर जोडिएको छैन, त्यसरी नै उहाँलाई चिनाउन थप कुनै विशेषण चाहिँदैन। नेपाली साहित्यका सामान्य पाठकदेखि अध्येता-अनुसन्धानकर्तासम्मका लागि पारिजात उत्तिकै जरुरी र प्रिय नाम हो। नेपाली साहित्यको चर्चा गर्दा पारिजातको नाम छुटायो भने त्यो चर्चा निरर्थक र पाखण्डी हुन्छ। नेपाली साहित्यिक क्षितिजमा पारिजातले जुन स्थान र आकार ग्रहण गर्नुभएको छ, त्यसले नेपाली महिलाको शिर गर्वले सधैँ ठाडो पार्ने गरेको छ। व्यक्तिगत अशक्तताका बाबजुद पारिजात नेपाली साहित्यको मैदानमा अत्यन्तै सशक्त र जाज्वल्यमान व्यक्तित्वका रूपमा स्थापित हुनुहुन्छ। सामान्य मिहिनेत र चाहनाले कोही व्यक्ति पारिजातको स्थानमा पुग्नु कदापि सम्भव छैन। त्यसका लागि पारिजातले जुन किसिमको त्याग, तपस्या र सङ्घर्ष गर्नुभयो, त्यसैले उहाँलाई सामान्य विष्णुकुमारी वाइवाबाट महान् पारिजातमा परिवर्तन गरेको हो भन्दा अत्युक्ति हुँदैन।

पारिजातको व्यक्तिगत जीवन निकै कष्टकर थियो। तर, त्यसले पारिजातको साहित्यिक यात्रामा रोकावट ल्याएन, बरु ऊर्जा दियो। १३ वर्षको चुलबुले र चञ्चले उमेरदेखि पारिजातले कहिल्यै निको नहुने रोगसँग आजीवन सङ्घर्ष गर्नुपर्‍यो। ००७ सालमा उहाँलाई हाड-जोर्नी (Rheumatoid Arthritis) को रोगले गाँज्यो, जसका कारण उहाँ ०२१ सालदेखि उठ्नै नसक्ने गरी ओछ्यान पर्नुभयो। यसको उपचारका लागि चार-पाँचपटक भारत पुगे पनि उपचार हुन नसक्दा ओछ्यानमा एक्लै रोगसँग सङ्घर्ष गर्नुबाहेक उहाँसँग अर्को कुनै विकल्प बाँकी रहेन।

पारिजातको जन्म १९९४ को वैशाखमा भारतको दार्जीलिङस्थित लिङ्गिया चियाकमानमा डा. के. एस. वाइवा र उहाँकी दोस्री पत्नी अमृत मोक्तानको दोस्रो सन्तानका रूपमा भएको थियो। पारिजातको बाल्यकाल खास कुनै असुविधामा बितेन। तर, उहाँको स्वभाव र बानी भने आमबालबालिकाको भन्दा फरक थियो। अन्तर्मुखी, गम्भीर, निडर र चिन्तनशील व्यक्तिका रूपमा पारिजातले आफूलाई प्रस्तुत गर्न थालेको देख्दा परिवार र अग्रजहरूको ध्यान उहाँतिर विशेष रूपमा तानियो। छिट्टै

नखुल्ने र मनका कुरा हत्पति व्यक्त नगर्ने उहाँको बाल्यकालीन स्वभाव जीवनपर्यन्त रहिरह्यो ।

०१० सालमा दाजु शिवको पोखरीमा डुबेर भएको मृत्युले पारिजातको जीवनमा अर्कै मोड ल्याइदियो । छोराको मृत्युले विक्षिप्त बनेका डा. एस.के. वाइवाले भारत छोडेर नेपाल फर्किने निर्णय गरेपछि उहाँ र बहिनी सुकन्या ०११ सालमा काठमाडौँ आउनुभयो । त्यतिबेलासम्म नेपाल बाहिर बसेर नेपाली समाजका बारेमा पारिजातले सुन्नुभएको मात्र थियो भने त्यसपछि आफैँले यसलाई भोग्न थाल्नुभयो । पारिवारिक पीडा, शोक र अस्थिरताले पारिजातको अन्तर्मुखी हृदयमा विविधखाले भावनाहरूको जन्म गरायो, जसका कारण उहाँले मुखले भन्न नसकेका र नचाहेका भावनाहरूलाई लिपिबद्ध गरेर सार्वजनिक गर्न थाल्नुभयो ।

१७ वर्षको उमेरमा काठमाडौँ छिर्नुभएकी पारिजातले त्यही वर्ष पद्मकन्या विद्याश्रम डिल्लीबज़ारबाट एसएलसी उत्तीर्ण गर्नुभयो । सानैदेखि अध्ययनशील स्वभावकी पारिजातले पद्मकन्या क्याम्पसबाट ०१३ सालमा आइए र ०१५ सालमा बीए उत्तीर्ण गर्नुभयो । उहाँले अङ्ग्रेजी विषय लिएर एमए पढ्नुभयो । तर, रोगसँग लड्नुपर्ने विपत्ति आइपरेका कारण जाँच दिन सक्नुभएन, जसका कारण एमए उत्तीर्ण गर्ने उहाँको धोको जीवनभरि पूरा हुन पाएन । पारिजातका लागि औपचारिक अध्ययनको ढोका बन्द भए पनि त्यतिबेलासम्म जति पढे पनि नसकिने नेपाली साहित्यको ढोका खुलिसकेको थियो ।

काठमाडौँ भित्रिएपछि पारिजातको परिवारलाई आर्थिक समस्याले क्रमशः पिरोल्न सुरु गऱ्यो । त्यसबाट जोगिन उहाँले ०१६ देखि ०१८ सालसम्म पाटनको मदन मेमोरियल स्कुलमा जागिर खानुभयो । तर, उहाँ स्वयम्लाई भित्रभित्रै रोगले झन्झन् खान थालेपछि हावापानी बदले बिसेक हुन्थ्यो कि भनेर उहाँ एक महिनाका लागि दार्जीलिङ फर्किनुभयो । तर, रोग ठीक नभएपछि २७ वर्षको उमेरदेखि उहाँ थला पर्नुभयो । धन वा नाम कमाउनपट्टि पारिजातको मन कहिल्यै गएन । आफूमा भएको

कात्तिकमा दिएको विवरणअनुसार यस कृतिले अहिले पनि बर्सेनि सर्वाधिक बिक्री हुने पाँच कृतिभित्र आफ्नो स्थान सुरक्षित गरेको छ। यसले पनि देखाउँछ, यो कृति कति लोकप्रिय र पठनीय रहेछ!

बीसको दशक पारिजातको जीवनमा उल्लेख्य महत्त्व राख्ने समयका रूपमा स्थापित छ। एकातिर *शिरीषको फूल* ले दिएको ख्याति र परिचय त छँदैथियो, अर्कोतिर नेपाली साहित्यमा नै भिन्न किसिमको तरङ्ग उत्पन्न गर्ने राल्फा आन्दोलन पनि यही दशकमा प्रकट भयो। त्यसको नेतृत्व विद्रोही र क्रान्तिकारी स्वभावकी पारिजातले गर्नुभएको थियो। नेपाली साहित्यमा भिन्न अस्तित्व र इतिहास राख्ने राल्फा आन्दोलनले पारिजातलाई झन् नयाँ उचाइमा पुऱ्यायो। पारिजातको नेतृत्वमा मञ्जुल, रामेश, रायन, अरिम र निनुहरूले समाजप्रतिको आफ्नो असन्तुष्टि, विरोध र विद्रोहको स्वरलाई सबैले सुन्ने गरी उचालेका थिए। त्यही आन्दोलनले निर्माण गरेको जगमा उभिएर त्यसपछिको पारिजातको लेखनले दर्शन, राजनीति र साहित्यमा प्रगतिवादी जनताको धार समातेको पाइन्छ।

सुरुमा शून्यवादी चिन्तनको धरातलमा उभिएर सिर्जना हुने पारिजातका रचनाहरू ३० को दशकसम्म आइपुग्दा खारिएका क्रान्तिकारी र प्रगतिवादी हुन थाले। पारिजातमा आएको सङ्गठित राजनीतिक चेतनाले उहाँलाई सङ्गठित हुन झक्झक्यायो। त्यसपछि उहाँले साहित्यका साथै राजनीतिमा पनि पाइला हाल्नुभयो। साहित्यले समाज परिवर्तनको आग्रह मात्र गर्छ, वास्तविक अर्थमा समाज परिवर्तन त राजनीतिले गर्छ भन्ने चेतना विकास भएपछि पारिजातले ०३१ सालमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (चौथो महाधिवेशन) को सदस्यता लिनुभयो। कम्युनिस्ट राजनीतिमा प्रवेश गरेपछि पारिजातले त्यसको महिला मोर्चा सम्हाल्ने जिम्मेवारी पाउनुभयो र उहाँ त्यस धारको प्रतिनिधित्व गर्ने अखिल नेपाल महिला सङ्घको अध्यक्ष बन्नुभयो। अशक्त स्वास्थ्यले बिलकुलै अनुमति नदिए पनि प्रतिबन्धित कम्युनिस्ट पार्टीको भूमिगत राजनीतिमा पारिजात निरन्तर क्रियाशील भइरहनुहुन्थ्यो। उहाँको

पालनपोषण गर्ने बहिनी सुकन्या वाइवाका श्रीमान् निर्मल लामा स्वयम् एक वरिष्ठ नेता हुनुहुन्थ्यो ।

०३५-३६ को आन्दोलनमा पारिजात निकै क्रियाशील बन्नुभयो । प्रगतिवादी साहित्यिक आन्दोलनलाई सङ्गठित गर्न पनि उहाँको निकै ठूलो भूमिका रहेको छ । ०३६ सालमा प्रगतिशील लेखक-कलाकार सङ्घ स्थापना गर्नमा पनि उहाँले उल्लेख्य भूमिका निर्वाह गर्नुभएको थियो । जनवादी संस्कृतिको विकास र प्रचार गर्न पारिजात वेदना सांस्कृतिक परिवार र इन्द्रेणी सांस्कृतिक परिवारलाई बोक्दै स्वदेश तथा विदेशका बस्तीहरूमा पुग्नुभयो । इन्द्रेणी सांस्कृतिक समाजले उहाँलाई मानार्थ अध्यक्ष बनाएको थियो । पारिजात मदन पुरस्कारका अलावा गड्की र पाण्डुलिपि पुरस्कारबाट पनि पुरस्कृत हुनुभएको थियो ।

पञ्चायती कालरात्रिका विरुद्ध पारिजातले निरन्तर सङ्घर्ष गर्नुभएको थियो । कम्युनिस्ट पार्टीमा क्रियाशील भएर उहाँले गर्ने योगदान त छँदै थियो, त्यसबाहेकका सामाजिक, सांस्कृतिक र साहित्यिक आन्दोलनहरूलाई सङ्गठित गर्न पनि उहाँले महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको थियो । एक त महिला, त्यसैमा पनि अशक्त हुँदाहुँदै पनि पारिजात अदम्य साहस र दृढ इच्छाशक्तिका साथ जनताका पक्षमा आजीवन खटिरहनुभयो । पारिजात ०४५ मा स्थापित नेपाल मानवअधिकार सङ्गठनको संस्थापक उपाध्यक्ष बनेर मानवअधिकारको आन्दोलनमा क्रियाशील बन्नुभयो । पञ्चायती व्यवस्थाका विरुद्ध लेखक-कलाकारहरूले ०४६ चैत ३ गते कालोपट्टी बाँधेर दिएको धर्नाको अग्रपङ्क्तिमा उहाँ बस्नुभएको थियो भने ०४६ सालमै गठित अखिल नेपाल महिला मञ्चको अध्यक्षको जिम्मेवारी पनि उहाँले वहन गर्नुभयो । यसैगरी, ०४८ सालमा गठित बन्दी सहायता नियोगको अध्यक्षको जिम्मेवारी पनि पारिजातले वहन गर्नुभएको थियो । शाही तवेलाका रूपमा विकसित नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको प्रजातान्त्रीकरणका लागि ०४८ मा गठन भएको प्राज्ञिक सङ्घर्ष समितिको संयोजक पनि पारिजात नै हुनुहुन्थ्यो । स्रष्टाहरूले जनताका पक्षमा गर्ने कुनै पनि आन्दोलन यस्ता

छैनन्, जहाँ पारिजातको उपस्थिति नहोस्।

पारिजात बहुआयामिक व्यक्तित्व हुनुहुन्थ्यो। उहाँले नेपाली साहित्यका धेरै विधालाई समृद्ध पार्नुभएको छ। कविताबाट सुरु भएको उहाँको साहित्यिक प्रतिभा कथा, उपन्यास र निबन्धको फूलबारीमा निकै राम्ररी फक्रेको पाइन्छ। *शिरीषको फूल, महत्ताहीन, बैंसको मान्छे, तोरीबारी, बाटा र सपनाहरू, अन्तर्मुखी, उसले रोजेको बाटो, पर्खालभित्र र बाहिर, अनिँदो पहाडसँगै, परिभाषित आँखाहरू, आदिम देश, सडक र प्रतिभा, साल्गीको बलात्कृत आँशु, बधशाला जाँदा आउँदा, धुपीसल्ला र लालीगुराँसको फेदमा एउटा चित्रमय सुरुवात, अध्ययन र सङ्घर्ष, आकाङ्क्षा, बैंशालु वर्तमान* जस्ता पारिजातका अजम्मरी रचनाहरूले उहाँलाई नेपाली साहित्यमा कहिल्यै बिर्सन नसकिने गरी स्थापित गरेका छन्।

उहाँका प्रारम्भकालीन रचनाहरूमा शून्यवाद र निस्सारता पाइन्छ भने प्रौढ हुँदै जाँदा बढेको वैचारिक प्रौढता र परिपक्वताका कारण पछिल्ला दिनका रचनाहरूमा आमजनताले भोग्नुपरेका समस्या तथा उनीहरूको मुक्तिको बाटो पाइन्छ। नेपाली प्रगतिवादी साहित्यिक आन्दोलनमा पारिजात अत्यन्तै स्थापित, सम्मानित र अग्रज प्रतिभा हुनुहुन्छ।

आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा अधिकारविहीन बनाइएका महिलाहरूका बारेमा पारिजातका रचनाहरूमा प्रशस्त उल्लेख पाइन्छ। महिला मुक्तिको सवालमा उहाँले समय-समयमा कलम चलाउनुभएको पाइन्छ। आफ्ना रचना र क्रियाशीलता दुवैमा पारिजात महिला आन्दोलनलाई सशक्त र प्रभावकारी बनाउन चिन्तित हुनुभएको पाइन्छ। प्रतिस्पर्धा र क्षमताका आधारमा पारिजातले हाम्रो साहित्यमा जुन स्थान बनाउनुभयो, त्यो स्थान अहिलेसम्म अर्को नेपाली महिलाले बनाउन सकेका छैनन्। दया, माया र सहानुभूतिका पात्रको रूपमा चित्रित गरिएका महिलाको परिचयलाई पारिजातले क्षमता, प्रतिभा र योग्यताका आधारमा भत्काइदिनुभयो। त्यही नै नेपाली महिलाका लागि

उहाँले लगाउनुभएको कहिल्यै तिर्न खोजेर पनि तिर्न नसक्ने ऋण हो ।

जीवनभरि जनअधिकार, स्वतन्त्रता, मुक्ति र समानताका लागि निरन्तर सङ्घर्षरत पारिजात ५६ वर्षको उमेरमा ०५० वैशाख ५ गते हामीबाट सधैँका लागि बिदा हुनुभयो । पारिजातमा व्यक्तिगत लोभ, मोह र महत्त्वाकाङ्क्षा थिएन । पारिजात अविवाहित हुनुहुन्थ्यो । यसमा उहाँका शारीरिक अवस्था र केही हदसम्म उपभोक्तावादी पुरुषसत्ताले काम गरेको समकालीनहरूको भनाइ छ । पारिजात नेपाली महिलाले गर्व गर्नुपर्ने र सिक्नुपर्ने एक महान् प्रतिभा हुनुहुन्छ, जसको भौतिक शरीर नरहे पनि योगदान सधैँका लागि अमर बनेको छ ।

◆